The School District of Philadelphia

# Southwark Elementary School

*"A Smile is the Same in Any Language"*

***Mr. Andrew Lukov**, Principal*

1835 South 9th Street Philadelphia, PA 19148
Phone: 215-952-8606 FAX: 215-952-8670

## साउथवार्क प्राथमिक बिद्यालय प्रातिज्ञा

अंक प्रणाली

शैक्षिक अंक

A= 90-100
B= 80-89
C= 70-79
D= 65-69
F= 0-64

- रिपोर्ट कार्ड अंकहरुमा गृहकार्य, परिक्षा, जाँच, पारीयोजना र कक्षामा भाग लिने सम्मिल्ती हुन्छ।
- २०% भन्दा बढी अनुपास्थित भएका विद्यार्थीहरुले शिक्षकको सिफारिश द्वारा दिइएको गृहकार्य पुरा गरे पछी पास हुने अंक प्राप्त गर्न सक्ने छ।

**व्यवहार अंक**

1= उत्कृष्ट (Excellent)
2= सन्तोषजनक (Satisfactory)
3= असन्तोषजनक (Unsatisfactory)

- बिद्यालय र कक्षा कोठाको नियमहरु पालना गरेको यो व्यवहारको अंकले प्रतिबिम्बित गर्छ।

**श्रेणीको सुची (**Honor Roll**)**

पहिलो श्रेणी (First Honors):

- यो श्रेणीमा भएका सम्पूर्ण विद्यार्थीहरुको मुल बिषयहरुमा A र कला बिषयहरुमा अर्थपूर्ण छ
- व्यवहारमा विद्यार्थी ३ हुनु हुँदैन

दोस्रो श्रेणी (Second Honors):

- विद्यार्थीहरुले मुल बिषयमा A र B कला बिषयहरुमा एउटा C भन्दा कम अंक प्राप्त गर्नु हुँदैन
- व्यवहारमा विद्यार्थी ३ हुनु हुँदैन

**रिपोर्ट कार्ड सम्मेलन**

- रिपोर्ट कार्डहरु बर्षको ४ चोटि बितरण गरिन्छ।
- शैक्षिक बर्षको बेलामा आमा बुवा र शिक्षकहरु बिच ३ वटा सम्मेलन हुने छ।
- बालकको सफलताको लागि आमा बुवाको सम्मेलनमा भाग लिन महत्वपूर्ण हुन्छ

**पाठ्यक्रम /Curriculum**

- फिलाडेल्फिया बिद्यालय जिल्लाले राज्यको सामान्य स्तरको पालना गर्दछ

- शिक्षकहरुले यि महत्वपूर्ण स्तर द्वारा पाठहरु बनाउने छन्
- शैक्षिक बर्ष भरी सामान्य स्तर सँग मिल्न बिभिन्न मुल्याङ्कनहरु प्रदान गरिन्छ
- सम्पूर्ण मुल्याङ्कनहरु प्रयोग गरी पाठ्यक्रम बनाइन्छ।

**परिक्षा**

- कक्षा ३ देखी ८ मा भएका सम्पूर्ण विद्यार्थीहरु राज्यको मानकीकृत परिक्षा पेन्सलभेनिया बिद्यालय प्रणाली परिक्षामा भाग लिनु पर्छ।
- यो परिक्षाले लेखाइ, गणित, पढाई र बिज्ञानमा तपाईंको बालकको स्वातान्त्रिक योग्यताको मुल्याङ्कन गर्ने छ।
- कक्षा ३ देखी ८ मा भएका विद्यार्थीहरुले ३ वटा मानक परिक्षा पनि लिने छन्

**किताब र बिद्यालयको सामाग्री**

- तपाईंको बालक सँग शिक्षकले अनुरोध गरेको बिद्यालयको सामाग्री हुनु पर्छ।
- विद्यार्थीलाई दिइएको किताबको हेरबिचार गर्नु पर्छ।
- किताबहरु हराएको, चोरि भएको वा क्षेती भएको खण्डमा आमा बुवाले तिर्नु पर्ने हुन्छ।

**शारिरिक शिक्षा आवश्यकता**

- शारिरिक शिक्षा पेनसल्भेनिया द्वारा आवश्यक गरिन्छ।
- डाक्टरको नोट प्रदान गरेको खण्डमा मात्रै तपाईंको बालकलाई छुट्कारा प्रदान दिइन्छ।
- विद्यार्थीहरुले खेल्कुद जुत्ता लगाउनु पर्ने हुन्छ।

**गृहकार्य सुझाव**

- गृहकार्य तर्फ सकारात्मक बिचार प्रोत्साहन गर्ने।
- घरमा पढ्ने शान्त ठाउँ र समय प्रदान गर्ने।
- परिक्षाको तयारीमा सहयोग दिने।
- गृहकार्यहरु पुरा छ, सफा छ र ठीक छ भनेर हेर्ने।
- तपाईंको गृहकार्य ठीक समयमा गरिएको छ भनेर सुनिश्चित गर्ने।
- शिक्षकको नोट र सुझावहरुको लागि तपाईंको बालकको काम हेर्नु होला।
- तपाईंको बालकको बिद्यालयको झोला संगठित राख्न सहयोग गर्नु होला।
- तपाईंको बालकलाई बिद्यालय र घरको संपर्क पत्रहरु राख्न एउटा फोल्डर राख्नु होला।
- तपाईको बालक सँग पढ्नु होला।